# नगर कार्यपालिकाको कार्यालय
# झुम्का,सुनसरी
# प्रदेश न.१
# बालमैत्री आचार संहीता-२०७५

## बालमैत्री स्थानीय शासन प्रवर्धन ,घोषणा तथा निरन्तरताका लागि रामधुनी नगरंपालिकाका सरोकारवालाहरुको उपस्थितीमा २०७५फागुन १४ गते तयार

## गरी कार्यपालिका द्धारा जारी गरिएको

# बालमैत्री आचार संहीता

| बालबालिकाले पालना गर्ने आचार संहीता | अभिभावकले पालना गर्ने आचार संहीता | विद्यालय/संघ संस्था तथा ब्यापारीले पालना गर्ने आचार संहीता | स्थानीयतहले पालना गर्ने आचार संहीता |
|---|---|---|---|
| → विद्यालय उमेरका हामी सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जाने<br>→ आफनो कर्तब्यको पालना तथा जिम्मेवारी प्रति सधै सचेत रहने | → विद्यालय उमेरका आफना छोरी छोराहरुलाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउनैं ।<br>→ आफना छोरी छोरालाई आवश्यक खेलकूद तथा पाठय सामाग्रीको ब्यवस्था गर्ने | → प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउने।<br>→ बिध्यालय निर्धारित समय सम्म संचालन गर्ने।<br>→ प्रचलित कानूनको अधिनमा रहि बिध्यालय संचालन गर्ने । | वडा,नपालाई बालमैत्री घोषणा तथा निरन्तरताका लागि कुलपूजिगत वजेटको १० प्रतिशत बिनियोजन गर्ने । बाल उधान निर्माण गर्ने ।<br><br>विद्यालयको अवस्था अनुगमन गर्ने |
| → विद्यालय हाताभित्र विद्यालयको बालमैत्री नियमको पालना गर्दै उछृडखल व्यवहार नगरी अनुशासित बन्ने । | → विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने । | → विद्यालयमा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नु पर्ने नीति नियमको बारेमा सचेत गराउने । | वि.व्या.समितिको बैठकमा उपस्थित हुने । |
| → बालसमुहहरुमा सकिय सहभागीता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने। | → बालबालिकालाई अनुशासित र योग्य बनाउन बालसमुह तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्ने र भेदभाव नगर्ने । | → बालबालिका तथा अभिभावकलाई बालसमुहको महत्वबारे सचेत गराउने । | बालसमुह संजाल गठन संचालन, सहजीकरण, क्षमता बिकासकालागि अवसर दिने र वैठक गर्न सिकाउने । |
| → विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रिया कलापहरुमा सहभागी हुने।<br>→ निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तब्यको बारेमा सचेत हुने । | → समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्नैं । | → घर परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने ।<br>→ मार्ग निर्देशन २०७४ बमोजिम बाल समुह संचालन गर्ने | भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री,फरक छेमता मैत्री अवधारणा अवलम्बन गर्ने । |
| → बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी नहुने र अन्यत्र हुन लागेमा निकायमा जानकारी दिने । | → बालविवाह, बालयौन दुर्व्यवहार , बालश्रम जस्ता कार्य नगर्ने गर्न पनि नदिने तथा सो देखिएमा सम्बन्धीत निकायमा सूचना दिने । | → बालबालिकाहरु माथी हिंसा, दुर्व्यवहार, बालश्रम शोषण गर्नेलाइ दण्डित गर्ने र रोक्न सचेतना फैलाउने । | बालबलिका माथि शोषण, हिंसा तथा दुर्व्यवहार गर्ने गराउनेलाई दण्ति गर्ने । बालबिबाह ,लागु पदार्थ बेचबिखन,बालश्रम गर्ने गराउनेलाई दण्ति गर्ने |

| | | | |
|---|---|---|---|
| → बालबालिकाका आधारभूत आवश्यक्ताहरु पोषिलो खाना, आवाश, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगाएतका बालअधिकारका विषयहरुबारे जानकारी राख्दै अरुलाई पनि सिकाउने । | → बालबालिकालाई बालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने।<br>→ वातावरण, व्यवहार,वोली बचन,आनीवानी बालमैत्री बनाउने | → दण्ड रहित र बालमैत्री वातावरणमा पठन पाठन गर्ने ।,<br>→ बालअधिकारको संरक्षण गर्ने ।<br>→ बालबालिका तथा अभिभावकहरुलाई बालअधिकार सम्बन्धी सचेत गराउने । | बिध्यालय जाने उमेरका सबै बालबालिकालाई बिध्यालयको पहुचमा पुर्‍याई गुणस्तरिय शिक्षाको सनिस्चितता गर्ने ।<br><br>बालमैत्री स्थानीय शासन युक्त विद्यालय घोषणाका लागि आवश्यक अनुगमन तथा वातावरण तयार गर्ने । |
| → भिन्न क्षेमता भएका बालबालिकालाई सहयोग गर्ने<br>→ आफुले सकेको काममा परिवारलाई सहयोग गर्ने ।<br>→ बजारिया खाना भन्दा घरायसी पोषिलो खाना खाने<br>→ बाल दुर्व्यवहार,विभेद,श्रम शोषण विरुद्ध आवाज उठाउने<br>→ यातायातका साधनमा जथाभावी नझुण्डिने,ट्राफिक नियमको पालना गर्ने । | → भिन्न क्षमता भएका बालबालिकाहरुको आवश्यकताको पहिचान गरी सहयोग पुर्‍याउन पहल गर्ने<br>→ छोरा छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने । | → गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।<br>→ .संघ संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री तथा ,फरक क्षेमता मैत्री बनाउने | बालबालिकाद्धारा बालमैत्री योजना छनोट गरि कार्यान्वयनका लागि बार्षिक योजनामा समावेस गर्ने । |
| → आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्नो अभिभावकलाई सोध्ने<br>→ आफुसंग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने ।<br>→ अनुशासनहीन कार्यमा सहभागि नहुने | → अभिभावक समक्ष निर्धक्क संग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने । | → वडा,नपाको योजना छनौट प्रकृियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चत गराउने ।<br>→ बाल उध्यानको ब्यवस्था गर्ने । | → स्थानीय सरकार संचालन ऐन, नियम रणनीतिले दिएको अधिकार प्रयोग गरि वडा लाई बालमैत्री घोषणा गर्ने ।<br>→ नगरंपालिका क्षेत्र भित्रका बालबालिकालाई वडा भेला, योजना तर्जुमा समिति र सहभागीतात्मक योजना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको सक्रिय सहभागीताको सुनिश्चितता गर्ने । |
| → गाउँ घरमा हुन लागेको तथा भइरहेको वालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरु हुन नदिने सोको जानकारी सम्बन्धित संस्थालाई दिने । | → आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह नगर्ने र गर्न पनि नदिने<br>→ बालश्रममा नलगाउने र हरुलाई पनि सचेत गर्ने | → आफनो उध्योग धन्दामा बालबालिका प्रयोग नगर्ने<br>→ बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहने । | → बालश्रम ,बालबिबाह मुक्त वडा घोषणा र निरन्तरता गर्ने<br>→ बालविवाह हुन नदिनका लागि सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने । |
| → समय तालिका अनुसार पढ्ने लेख्ने, सुत्ने, खेल्ने । | → पढ्न लेख्न, खान, सुत्न, खेल्न र सञ्चार आधुनिक | → समुदायमा बालस्वास्थ्य सम्बन्धि सचेतना जगाउनुको | → विषयगत सेवा प्रदायक निकाय ,शाखा |

| | | | |
|---|---|---|---|
| → आधुनिक प्रविधिको उचित प्रयोग गर्ने । | प्रबिधिको उचित प्रयोग गर्न समय तालिका बनाउने ।<br>→ नियमित स्वास्थ्य परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउने । | साथै व्यक्तिगत सरसफाई र पोषण सम्वन्धि जानकारी गराउने । | सँग निरन्तर वहस छलफल गरि उचित सेवा प्रवाहको वातावरण निर्माण गर्ने |
| → सुर्ती जन्य, मादक पदार्थको प्रयोग तथा खरिद विक्रि एंव दुर्व्यसनमा संलग्न नहुने । | → मादक पदार्थ तथा सुर्ती जन्य पदार्थको खरिद विक्रिमा बालबालिकालाई संलग्गन नगराउनै र बालबालिका अगाडि प्रयोग नगर्ने | → धुम्रपान, मद्यपान, सुर्ती जन्य सामाग्रीहरु खरिद विक्रि ओसार पसार गर्न बालबालिकालाई नलगाउने र अरुलाई पनि सचेत गराउने । | → कानूनी आधारमा कुलत कुसंगती न्यूनीकरणका लागि सम्वन्धीत निकायको सहयोग लिई कार्य गर्ने । |
| → बालअधिकारको हनन भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पुर्‍याउने ।<br>→ भइरहेको बिबाह बालबिबाह हो कि ? सचेत भइ मात्र सहभागि हुने | → कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने । | → बिध्यालय हाता भित्र धुम्रपान, मद्यपान, सुर्ती जन्य सामाग्रीहरु प्रयोग नगर्ने र आसपास क्षेत्रमा बिकि् बितरण पनि नगर्ने<br>→ बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्ने ।<br>→ निर्माण ,यातायात,होटेल,उध्योग ब्यापार आदि मा बालश्रम निषेध गर्ने | → निरन्तर घरदैलो अनुगमन तथा उत्प्रेरणा जागरण गर्ने ।<br>→ बालबालिकाहरुलाइ युद्ध,,नारा जुलुश,राजनितिक कार्यक्रममा संलगन नगराउने । |
| → अपरिचित व्यक्तिको ललाई फकाइ तथा प्रलोभनमा नफस्ने ।<br>→ राजनितिक दलको सभा,जुलुसमा सहभागि नहुने । | → अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने ।<br>→ बालबालिकालाई हिंसा दुर्व्यवहारबाट कसरी बच्ने जानकारी दिने । | → बालबालिकाहरुको सानदर्भिक सहभागिता गराउने ।<br>→ बालबालिकाका लागि नियमित वजेट विनियोजन गर्ने<br>→ बालसमुह संचालनमा सहजीकरण गर्ने । | → बालमैत्री सूचक प्राप्त भएका कागजात व्यवस्थापन गर्ने ।<br>→ नगर तथा वडाहरुमा बालमैत्री शाखा स्थापना गर्ने |
| → आफू आवद्ध रहेको वा आफूलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागी हुने<br>→ बालसमुह मार्फत बाल सहभागिता अभिबृद्धिमा पहल गर्ने | → बालसमुह तथा बालबालिका आवद्ध भएको सामाजिक संघ संस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागीताको लागि प्रेरित गर्ने । | → विद्यालय व्यवस्थापन समिति, बालसमुह तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई संस्थागत अर्थपूर्ण सहभागीता गराउने । | → अर्थपूर्ण बाल सहभागीताको लागि विषयगत सरोकारवाला सँग निरन्तर समन्वय गर्ने |
| → दिसा पिसावको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाइ गर्ने ।<br>→ बिध्यालय हाता भित्र सरसफाइ राख्न सहयोग गर्ने | → सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गरिदिने ।<br>→ स्वच्छ खानेपानीको ब्यवस्था गर्ने र हात धुने बानी सिकाउने । | → बालमैत्री ,फरक क्षेमता मैत्री शौचालयको ब्यवस्था गरि दिने ।<br>→ क्षात्रामैत्री संरचना सहितको शौचालय निर्माण गर्ने। | → शौचालयको प्रयोग, सरसफाई तथा खुला दिशामुक्त वडा निरन्तरताका लागि सचेत रहने । |
| → व्यक्तिगत सरसफाईमा ध्यान दिदै हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्ने । | → नियमित सरसफाई जस्तै नङ काट्ने, कपाल कोर्ने,काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, | → स्वच्छ पिउने पानीको व्यवस्था गर्नुको साथै सरसफाइ सम्बन्धी सचेतना जगाउने । | → सबै घरधुरीमा पिउन योग्य पानीको व्यवस्थापन सुनिश्चित गर्ने |

| | | | |
|---|---|---|---|
| → वतावरणीय सरसफाइमा ध्यान दिने । | नुहाउने आदि कुराको ख्याल गर्ने । | | → बिध्यालयहरुका शौचालय बालमैत्री,क्षात्रा मैत्री ,फरक क्षेमता मैत्री बनाउने । |
| → पोषिलो खानेकुरा खाने , भाइ वहिनी र साथीलाई पनि खानको लागि प्रेरित गर्नु ।<br>→ ६ महिना सम्मको बालबालिकालाई आमाको दुध मात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउने। | → समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने क्रममा षोषण युक्त खाने कुरा र जन्मान्तरको व्यवस्था गर्ने । | → पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने । | → पोषिलो खाना तथा स्थानीय रुपमा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप, धारणाको प्रवाह गर्ने |
| → आवश्यक परेको खण्डमा सुरक्षित हुदै घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर निस्कने । | → आवश्यक परेको सन्दर्भमा बालबालिकाको उपस्थितीको आवश्यकतालाई मध्यनजर गरि सम्बन्धीत क्षेत्रमा अर्थपूर्ण सहभागीता गराउने | → घरबाट बाहिर निस्किदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपाय बारे सचेत गराउने । | → समुदायमा आधारित बाल संरक्षणमा काम गरिरहेका समुह संगठन सँग निरन्तर समन्वय गर्ने |
| → विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगाएतका राष्ट्रिय अभियानहरुमा बालसमुह मार्फत सक्दो जनचेतना र सहयोग गर्ने | → बालबालिकालाई जन्म दर्ता,समयमा विद्यालय भर्ना गर्ने,<br>→ बालबालिकालाई असल संस्कार दिने। | → जन्म दर्ता अभियान, विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगाएतका राष्ट्रिय अभियानहरु सञ्चालन गर्ने । | → घटना दर्ता तथा अन्य अभियान जस्ता कार्यक्रमको आयोजना तथा तथ्याङ्क अध्यावधीक गर्ने |
| → साना भाई बैनीलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकलाई प्रेरित गर्ने । | → साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्ने ।<br>→ डर,त्रास तथा अनावश्यक रुपले नहप्काउने | → उमेर पुगेका बालबालिकालाई मात्र बालविकास केन्द्र,बिध्यालयमा भर्ना गर्ने<br>→ बालविकास केन्द स्थापना तथा सञ्चालन गर्ने<br>→ कमजोर विद्यार्थीहरुकालागि अतिरिक्त कक्षा संचालन गर्ने | → बाल विकास केन्द्रको अवस्था निरन्तर अनुगमन गर्ने<br>→ बाल विकास केन्द्रको उचित व्यवस्थापन गर्ने<br>→ उमेर पुगेका बालबालिकालाई मात्र भर्ना गर्न दिने । |
| → बालमैत्री स्थानीय शासनको प्रर्वद्धनमा बाल समुहका सदस्यहरु परिचालन गर्ने । | → बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, घोषणा तथा निरन्तरता गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवद्धताका साथ लाग्ने । | → बालमैत्री लगानी योजना तर्जुमा र कार्यान्वयन गर्ने<br>→ बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पूर्ण रुपमा समर्पित हुने ।<br>→ उमेर र अवस्थानुसार बालमैत्री व्यवहार गर्ने | → बाल सहभागितामा बालमैत्री योजना छनौट गर्ने ।<br>→ बालबालिकाका लागि आवधिक लगानी योजना निर्माण गरि कार्यान्वयन गर्ने<br>→ बालमैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने । |
| → आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने ।<br>→ आफु भित्र रहेको प्रतिभा प्रष्फुटनका लागि सकृिय रहने | → बालबालिकालाई घरायसी आदर सम्मान सम्बन्धि बानीको विकास गराउने | → घरायसी आदर सम्मान बारे बाल बालिकालाई क्षमता बिकास गर्ने<br>→ बाल सहभागिता गराउदां अभिभावकको स्वीकृति लिने | → समाजमा सामाजिक संस्कार स्थापनाका लागि कार्यक्रम गर्ने<br>→ बालमैत्री ऐन कानुन कार्यान्वयन गर्ने |

| | | | |
|---|---|---|---|
| → बालबालिकाका योजना कार्यान्वयन भए नभएको अनुगमन गर्ने | → आफ्ना छोरी छोरालाई कम्तीमा ६ महिनासम्म पूर्ण स्तनपान गराउने । | → बाल सहभागितामा अतिरिक्त कृयाकलाप क्यालेन्डर तयार गर्ने<br>→ बालमैत्रीमा आधारित अतिरिक्त कृयाकलाप गरि बालबालिकालाई समावेश गर्ने | → जेहेन्दार, उत्कृष्ट बालबालिकाको सम्मानका लागि कार्यक्रमको निर्माण गर्ने |

नोट : बालमैत्री स्थानीय शासन राष्ट्रि रणनीति २०६८ ,कार्यान्वयन कार्यविधि २०६८ बमोजिम मिति २०७५ फागुन १४ गते यस रामधुनी नगरपालिकाका विभिन्न सरोरवालाहरुको सहभागीतामा बालमैत्री स्थानीय शासन  कार्यान्वयन  कार्यविधि-२०६८ ले निर्धारण गरेको न्युनतम सूचक  तथा अतिरिक्त सुचक प्राप्तीका लागि बालमैत्री आचार संहिता तयार गरी कार्यपालिका द्धारा कार्यान्वयनमा ल्याइएको छ ।